सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३,संख्याः१ चैत्र ३१ गते ,२०७६ साल

## भाग-२

## सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३) वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रस्तावनाः

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (प)को ७ मा रहेको ढुंगा गिट्टी बालुवा नुन माटो खरीढुंगा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण उत्खनन् तथा उपयोगको दर्ता अनुमति नविकरण र खारेजी र व्यवस्थापन सम्बन्धि कार्य गर्ने सम्बन्धि अधिकार तथा सोही ऐनको दफा ११ (घ)को ६ र ८ मा रहेको रहेको अधिकार तथा दायीत्व अनुरुपको कार्यको प्रदेश सरकार प्रदेश नं. ५ उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालयको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिको परिच्छेद'४ को दफा १२ को उपदफा ४ बमोजिम निजी आवादी जग्गामा रहेको ढुंगा गिट्टी बालुवा तथा माटो जस्ता साधारण निर्माणजन्य वस्तुको उत्खनन् गरी निकासी गर्न जग्गाधनिले अपनाउनुपर्ने प्रक्रिया र सोको नियमनको लागि कार्यपालिकाले गर्ने निरीक्षण , अनुगमन ,निकासी दस्तुर संकलन र निकासी योग्य पमिाणको मापदण्डको निर्धारण गर्न वाञ्छनीय भएकोले यो निजी आवादीको ढुंगा गिट्टी बालुवा तथा माटो उत्खनन् एवम् निकासी कार्यविधि २०७६ जारी गरिएको छ ।

परिच्छेद—१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ ः

१.१ यो कार्यविधिको नाम साधारण निर्माणजन्य सामग्री (ढुंगा,गिट्टी,बालुवा,माटो) उत्खनन् एवम् निकासी सम्बन्धि कार्यविधि २०७६ रहेको छ ।

१.२ यो कार्यविधि कार्यपालिकाबाट पारित भएपश्चात लागु हुनेछ ।

२. परिभाषा ः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई बुझाउनेछ ।

२.२ कार्यविधि भन्नाले निजि हकभोगको जग्गाबाट सामान्य निर्माणमुखी ढुंगा , गिट्टी , बालुवा ,माटो जस्ता पदार्थको संकलन, उत्खनन् , ओसारपसार तथा बिक्रीवितरण सम्बन्धि कार्यविधि २०७६ लाई जनाउनेछ ।

२.३ मन्त्रालय भन्नाले संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउनेछ ।

२.४ अनुगमन तथा निरिक्षण समिति भन्नाले यस कार्यविधिको दफा  बमोजिम गठीत अनुगमन तथा निरिक्षण समितिलाई जनाउनेछ ।

२.५ ढुंगा र माटो भन्नाले उत्खनन् गर्न अस्थायी अनुमति भएको निजी स्वामीत्वमा रहेको जग्गा जमिनबाट संकलन र उत्खनन् गर्दा निस्कने रोडा , ढुंगा , बालुवा , मिस्कट , पाँगो र माटो समेतलाई जनाउनेछ ।

२.६ निर्माणजन्य पदार्थ भन्नाले निजि स्वामीत्वमा रहेको जग्गाबाट उत्खनन् गरिएको ढुंगा ,गिट्टी , बालुवा र माटो जन्य पदार्थलाई जनाउनेछ ।

२.७ वातावरणीय अध्ययन भन्नाले वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ बमोजिम गरिने प्रारम्भिक वातावरणीय परिक्षणलाई जनाउनेछ ।

२.८ खानी विकास समिति भन्नाले यस कार्यविधिको दफा ६.१ बमोजिम गठीत समितिलाई जनाउनेछ ।

३. कार्यविधिको उद्देश्यः

३.१ ढुंगा तथा गिट्टीको कारणले हलो कोदालो तथा जोत्ने मेशीन औजार लगाउन नमिल्ने भएका जग्गा लाई खेतीयोग्य बनाउन ।

३.२ खेतीको लागी गुणस्तरहिन माटो भएमा माटो हटाई गुणस्तरीय माटो भएको स्थल तह को जग्गा

निर्माण गर्न ।

३.३ भिरालो जग्गालाई समथर बनाउन ।

३.४ निजी सम्पत्ति मौलिक सम्पत्ति भएकोले त्यसमा रहेको वस्तु बिक्रिबाट प्राप्त हुने लाभ बाट वञ्चि

त नगर्न ।

३.५ निकासी दस्तुर संकलन बाट गाउँपालिकाको आन्तरिक श्रोत वृद्धि गर्न ।

३.६ माटो खेतियोग्य नभएको र उद्योगको कच्चापदार्थ को उपयोगी वस्तु भएमा निर्यात गर्न ।

४. संकलन तथा उत्खनन्को लागी निर्धारित क्षेत्र ः सामान्य निर्माणमुखी ढुंगा गिट्टी बालुवा र माटो जन्य पदार्थ देहायका क्षेत्र मा मात्र तोकीए बमोजिमको प्रक्रिया पुरा गरी संकलन उत्खनन् र बिक्रिवितरण गर्नका लागी हाललाई अस्थायी अनुमति प्रदान गरिनेछ ।

४.१ निजी हकभोगको जग्गामा रहेको ढुंगा , गिट्टी , बालुवा र माटो जन्य पदार्थ संकलन उत्खनन् र बिक्रिवितरण गर्न वातावरणीय अध्ययनले जोखीम नदेखीएका र वडाको सिफारिशको आधारमा गाउँकार्यपालिकाले स्वीकृत गरेका स्थानहरु ।

४.२ निजी हकभोगको जग्गामा रहेका ढुंगा , गिट्टी , बालुवा , माटो जन्य पदार्थ थुप्रीन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखीम उत्पन्न हुनसक्ने अवस्था श्रृजना भई त्यस्ता पदार्थ हटाउनु परेको अवस्थामा नियमानुसार तोकिने स्थानहरु ।

४.३ निजी हकभोगको जग्गामा रहेको ढुंगा,गिट्टी ,बालुवा ,माटोजन्य पदार्थ उत्खनन् गरी निकासी गर्न सम्बन्धित निकायबाट निर्णय भई अनुमति प्रदान गरिएको क्षेत्र ।

४.४ विभिन्न प्रकृतिका भौतिक संरचनाहरु निर्माण र निजि जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुंगा तथा माटो जन्य पदार्थ हटाउनु पर्दा सम्बन्धित निकायबाट तोकीएको क्षेत्र ।

परिच्छेद —२

संकलन तथा उत्खनन् सम्बन्धि व्यवस्था

५. निजि हकभोग तथा स्वामीत्वको जग्गाबाट ढुंगा गिट्टी बालुवा माटो निकाली प्रयोग तथा बिक्रि वितरण गर्न चाहने व्यक्तिले देहाय बमोजिम कागजात वा विवरण उल्लेख गरी गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

५.१ जग्गा हकभोग भएको जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपि थान १ ।

५.२ चालु आ.व.को तिरो तिरेको रसिद थान १ र ब्लु प्रिन्ट नक्शा थान १ ।

५.३ अरुको हकको जग्गा भए हकवालाको वडा कार्यालयमा गरिएको मंजुरीनामा थान १ ।

५.४ जग्गाको चारकिल्ला का सँधियारको मंजुरीनामा वडा कार्यालयको रोहवरमा थान १ ।

५.५ जग्गा खन्न सम्याउनु पर्ने कारणको व्यहोरा खुलेको निवेदन थान १ ।

५.६ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान १ ।

५.७ सम्बन्धित वडाको सिफारिश थान १ ।

५.८ जग्गा कम्तीमा एउटै व्यक्ती वा कम्पनीको २५ रोपनी हुनुपर्ने यदी जोडीएका कित्ताहरु अलग अलग जग्गाधनीहरुको भएमा सबैको साझा सहमतिमा २५ रोपनी पुगेमा मान्य हुनेछ ।

५.९ निवेदन प्राप्त भएपछि निवेदकले साधारण निर्माण जन्य पदार्थको उत्खनन् , संकलन तथा बिक्रि वितरण गर्न अस्थायी इजाजत दिने वा नदिने भन्ने सम्बन्धमा जाँचबुझ गरी अनुमति प्रदान गर्न खानी विकास समितिले प्रमुख प्रशासकिय अधिकृत समक्ष निर्णय पठाउनेछ ।

५.१० खानी विकास समितिले जाँचबुझ गर्दा स्थलगत अध्ययनमा सँधियारलाई रोहवरमा राखी सोधपुछ गर्नेछ यसरी स्थलगत निरिक्षण गर्दा उत्खनन् एवम् संकलन गर्न प्रस्तावित स्थलबाट ढुंगा र माटोजन्य पदार्थ निकाल्दा सँधियारलाई हानी नोक्सानी पर्ने नपर्ने सार्वजनिक जग्गा वन जंगल , पानी मुहान , सडक , पाटी पौवा , मन्दिर रभवन आदी तथा अन्य सार्वजनिक वा व्यक्तिगत

संरचनामा तत्काल वा दिर्घकालमा असर पर्ने हो होईन यकीन गर्ने तथा संकलन सकिने वस्तुको परिमाण समेत यकिन गर्नु पर्नेछ ।

५.११ खानी विकास समितिले अस्थायी अनुमति दिनुपुर्व आवश्यक ठह्राएमा प्रस्तावक व्यक्ति वा कम्पनी लाई प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४) बमोजिम पेश गरी प्रस्तुत गर्न लगाउन सक्नेछ ।

५.१२ उक्त स्थल बाट निकाल्न सक्ने पदार्थ को परिमाण निर्धारण गर्नेछ ।

५.१३ जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिस ।

६. खानी विकास समितिको गठन ः

६.१ साधारण निर्माणजन्य सामग्रीहरु ढुंगा,गिट्टी,बालुवा, माटो उत्खनन् , संकलन एवं बिक्रि वितरण कार्यको लागी अनुमति प्रदान गर्न देहाय बमोजिमको गाउँ खानी विकास समितिको गठन कार्यपालिकाले गर्नेछ ।

संयोजकः गाउँपालिकाको अध्यक्ष

सदस्यःआर्थीक विकास विषयगत समिति संयोजक

सदस्यः वन तथा वातावरण विषयगत समिति संयोजक

सदस्यः सम्बन्धित वडाको वडाअध्यक्ष

सदस्यःकार्यपालिका सदस्य मध्ये बाट गा.पा. अध्यक्षले तोकेको १ जना

सदस्यः प्रतिनिधि सब डिभिजन वन कार्यालय

सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत

७. अस्थायी अनुमति प्रदान गर्ने ः

७.१ खानी विकास समितिले सिफरिश गरे पश्चात गाउँकार्यपालिकाले सो निर्माणजन्य सामग्री उत्खनन् एवं संकलन गर्न दिन उपयुक्त हुने ठह्र गरेमा सो सिफारिशका आधारमा समयावधि, उत्खनन् पद्धति क्षेत्रफल ,निर्माणजन्य सामग्रीको नाम समेतका विवरणहरु एवं शर्तहरु उल्लेख गरी तोकीए बमोजिमको दस्तुर लिई नियमानुसार अस्थायी अनुमति प्रदान गर्न सक्नेछ ।

## परिच्छेद—३

### उत्खनन् ,संकलन र बिक्रिवितरण गर्दा पालना गर्नु पर्ने शर्तहरु

८. उत्खनन् संकलन र बिक्रिवितरण कार्यको लागी अस्थायी अनुमति पाउने व्यक्तिले पालन गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुनेछ ।

८.१ उत्खनन्,संकलन स्थल बस्ती ,वन,खानेपानीको मुहान र सडक बाट कम्तीमा ५० मीटरको दुरीमा हुनुपर्नेछ । र उत्खनन गर्दा जमिन सतहबाट ५ मी. भन्दा खाडल खन्न पाइने छैन ।

८.२ साधारण निर्माणमुखी सामग्री संकलन गरी सोको बित्रि, पछि बनेको खाडललाई माटोले पुनभरण गर्ने लगायत जोखीम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्वन गर्नुपर्ने छ ।

८.३ अनुमति प्रदान गर्दा लिने धरौटीको सम्बन्धमा खानी विकास समितिले कार्यविधिमा दररेट तोकीएको भएता पनि सो भन्दा कमी वा वेशी परिमाणका आधारमा निर्धारिण गर्न सक्नेछ । तोकीए बमोजिमको सो धरौटी रकम सरुमारानी गाउँपालिकाको खातामा जम्मा गर्नु पर्ने छ र उक्त धरौटी अस्थायी अनुमति अवधि समाप्त भै व्यवसाय बन्द भएको मितिले कम्तीमा ३ महिना पछि मात्र फिर्ता गर्नु पर्ने छ । तर तोकीएको शर्त अनुसार कार्य नगरी उलंघन गरेको ठहरेमा नियमानुसार जरिवाना रकम सोही धरौटी बाट कट्टा गर्न सकिने छ ।

८.४ सार्वजनिक जग्गाको सिमाना बाट कम्तीमा ५ मी. दुरी सम्म मात्र उत्खनन् गर्न पाईनेछ ।

८.५ ढुंगा ,गिट्टी ,बालुवा र माटो लगायत साधारण निर्माणमुखी सामग्रीको बजार मुल्य नियमित गर्न उत्खनन् स्थल , बजार दुरी र उत्खनन् संकलन लागत एवं अन्य अनुमति प्राप्त व्यक्ति वा फर्मको प्रचलित बजार दरलाई समेत ध्यानमा राखी गाउँकार्यपालिकाले अधिकतम बिक्रि दररेट तोक्न सक्नेछ । यसरी तोकीएको दररेटलाई सम्बन्धित अनुमति प्राप्त व्यक्ति वा फर्म ले अवलम्बन गर्नुपर्नेछ ।

८.६ साधारण निर्माण मुखी सामग्री बिक्रि गर्दा अस्थायी अनुमति प्राप्त व्यक्तिले पहिलो प्राथमिकता सरुमारानी गा.पा. बासीलाई दिनुपर्ने छ ।

८.७ उत्खनन् पश्चात संकलन र निकासी गरी छाडीएको काम नलाग्ने वस्तु बलौटा , पाँगो वा चोकर वा अन्य उप उत्पादन को उचित व्यवस्थापन गर्नुपर्नेछ । साथै सो बाट निस्कने फोहर पानीलाई निर्मलीकरण गरेर मात्र नदी खोल्सामा खसाल्ने व्यवस्था गर्नुपर्दछ ।

८.८ सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा,गिट्टी,बालुवा र माटो उत्खनन् , संकलन वा संचय गर्न पाईने छैन ।

८.९ उत्खनन् तथा संकलन स्थलबाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न वा गराउन पाईने छैन ।

८.१० स्वीकृत परिमाण अनुसार संकलन र उत्खनन् गरिएको सामान्य निर्माणमुखी पदार्थ स्थानीय तहबाट ईजाजत पत्रमा उल्लेखित परिमाण भन्दा बढी हुने गरी संचय गर्न पाईने छैन ।

८.११ उत्खनन् एवं संकलन अनुमति माग गर्ने कम्पनी वा फर्मले व्यवसाय संचालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातावरणीय असरको नीराकरण गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति ,फर्म वा कम्पनीको हुनेछ ।

८.१२ खानी विकास समितिको स्वीकृती पश्चात खानी संचालन गर्न उत्खनन्को इजाजत दिईने परिमाणको शुल्क बापतको कुल रकमको २५% (पच्चीस प्रतिशत) ले हुन आउने रकम धरौटी वापत जम्मा गर्नुपर्नेछ ।

९. उत्खनन् परिमाण नियन्त्रण विधि ः उत्खनन् गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् हुन नदिन देहाय बमोजिमका उपायहरु अवलम्वन गर्नुपर्नेछ ।

९.१ संकलन तथा उत्खनन् आदेश दिनुपुर्व प्राविधिक बाट गरिएको नापजाँच तथा रेखांकनका आधारमा उत्खनन् लाईन दिने ।

९.२ यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा अनुगमन समितिले नियमित अनुगमन गर्नुपर्ने छ ।

९.३ दैनिक उत्खनन् गरिएको पदार्थको समेत तोकीएको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्नुपर्ने छ ।

९.४ दैनिक बिक्रि निकासी तेरिज तयार गरि सम्बन्धित वडा कार्यालयमा पठाउने र वडा कार्यालयले त्यसको अभिलेख राख्नु पर्ने छ ।

९.५ ढुंगा , गिट्टी , बालुवा र माटो संकलन गरी निकासी गर्दा संकलनकर्ताले बुझाउनु पर्ने शुल्क प्रत्येक दिन गाउँपालिका वा गाउँपालिका कार्यालयले खटाएको कर्मचारीलाई बुझाउनु पर्ने छ ।

परिच्छेद—४

ओसार पसार विधि

१०. साधारण निर्माणजन्य पदार्थ ओसारपसार विधि देहाय बमोजिमको हुनेछ ।

१०.१ ढुवानी गर्दा साधनको गति ४० कि.मी. भन्दा बढी हुन पाईने छैन ।

१०.२ बाटो र बाटोको छेउमा पर्ने बस्तीमा धुलो र ध्वनीको प्रदुषण हुन नदिन प्रेसर हर्नको प्रयोग गर्न नपाईने र मार्गमा नियमित पानी छर्कने व्यवस्था ढुवानीकर्ताले मिलाउनुपर्ने छ ।

१०.३ साधारण निर्माण सामग्री लोड गरी ओसार पसार गर्दा लोड सवारी गन्तव्यमा नपुगुञ्जेल सडकमा पार्किङ्ग गर्न वा सामग्री अनलोड गर्न गाडी बिग्रेको अवस्थामा बाहेक सडक किनारामा गर्न पाईने छैन ।

१०.४ निर्माणजन्य सामग्री ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नुपर्नेछ ।

परिच्छेद—५

अनुगमन

११. साधारण निर्माणजन्य सामग्री उत्खनन् तथा संकलनको लागि क्षेत्र सिमांकन , परिमाण आदीको पुर्व निर्धारण गर्न , वातावरणीय अध्ययन गरी सोको पालन गराउन र अनियमित संकलन एवं उत्खनन् परिमाणको नियन्त्रण लगायत कार्यको अनुगमन गर्न गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

संयोजक ः गाउँपालिका उपाध्यक्ष

सदस्य ः कार्यपालिका सदस्य ३ जना (कार्यपालिकाले तोक्ने)

सदस्य ः प्रशासन शाखा प्रमुख

सदस्य ः सम्बन्धित सा.व.उ.स.को अध्यक्ष वा प्रतिनिधि

सदस्य ः उद्योग विकास शाखा

परिच्छेद—६

१२. साधारण निर्माणजन्य पदार्थको शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

परिच्छेद—७

विवाद समाधान

१३. कुनै विवाद र समस्या भएमा ५ दिन अगावै पुर्व सुचना गरी खानी विकास समितिले उत्खनन् तथा निकासीलाई बन्द गर्न सक्नेछ ।

विवादका कारणहरु ः

क) पानीको मुल मुहानमा क्षति ।

ख) नजिकमा रहेका मठ मन्दिरको पुजा अर्चना तथा मेलामा असर ।

ग) अंशियार हकवालाको आपसी विवाद र सोको उजुरी ।

घ) चौपारी तथा सार्वजनिक स्थानको नोक्सानी ।

ङ) खोला खोल्साको किनारामा त्यसको बहावमा परिवर्तन भई हुने हानी नोक्सानी ।

च) अन्य कुनै विवादहरु

१३.१ खानी विकास समितिले वा समितिले गठन गरेको कार्यदलले विवाद समाधानको लागि दुवै पक्षलाई राखी छलफल गराउनेछ र निर्णय गर्नेछ । समिति वा कार्यदलको निर्णयानुसार उत्खनन् कर्तालेे निर्णयलाई पालन गर्नु पर्ने छ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत्